# प्राक्कथन

नेपाली समाजको हरेक कुनाबाट समावेशीकरणको आवाज गुञ्जिरहेको छ। सदियौँदेखि बहिष्करणमा पर्दै आएका तमाम् वर्ग, समुदाय तथा क्षेत्र समावेशीकरणको मुद्दासहित नेपाली राजनीतिमा प्रवेश गरेका छन्। नेपाली समाज असमावेशी भएर नै समावेशीकरणको चर्को बहस चलेकोमा दुई मत छैन। राज्यका तमाम् निकायदेखि सबै खाले राजनीतिक/सामाजिक/आर्थिक संस्था तथा सेवाहरूमा दलित, मधेसी, जनजाति एवं महिलाको यथोचित सहभागिता नरहेको गुनासो सधैँ सुनिन्छ। यो कटु वास्तविकता पनि हो। तर ती निकाय, संस्था तथा सेवाहरू कति (अ)समावेशी छन् त्यसका कारक तत्त्वहरू के के हुन् भन्ने अध्ययन/अनुसन्धान गरिएको त्यति पाइन्न। वस्तुस्थितिको यथार्थपरक जानकारी तथा तर्कसङ्गत विश्लेषणको अभावमा (अ)समावेशीका कतिपय छलफलहरू भ्रामक निष्कर्षमा टुङ्गिने मात्र हैनन् समस्यालाई ठोस रूपमा हस्तक्षेप गर्न पनि असमर्थ रहन्छन्। त्यसैले समावेशीकरणको बहसलाई प्रक्रियागत तहमा रूपान्तरण गर्न ती निकाय, संस्था तथा सेवाहरूमा (अ)समावेशीको अध्ययन/अनुसन्धान प्राथमिक आवश्यकता हो।

यस पुस्तकमा *राजनीतिक दलहरू*का साथै राज्यका प्रमुख अङ्गहरू *सेना, प्रहरी* र *निजामती सेवा* तथा राज्यको मामिला एवं नागरिकको जनजीवनमा अहम् हस्तक्षेपकारी भूमिका खेल्ने *मिडिया*को (अ)समावेशीकरणलाई अध्ययनको

विषय बनाइएको छ । राष्ट्र निर्माणमा यी संस्थाहरूको प्रमुख र अग्रणी भूमिका हुने भएकोले यी संस्थाहरू सबैको साझा संस्थाको रूपमा विकास हुनु अपरिहार्य छ । समाजमा विद्यमान जनसाङ्ख्यिक विविधता अनुरूपको न्यायोचित सहभागिता बेगर यस्तो भावना विकास हुन्न । त्यसैले फरक पेशाका यी केही महत्त्वपूर्ण संस्थामा (अ)समावेशीको अध्ययन यो पुस्तकको दायरा हो । हाम्रो प्राथमिक छनोटमा *राजनीतिक दल, नेपाल सेना, नेपाल प्रहरी, निजामती सेवा* र *मिडिया*का साथै *न्याय सेवा* गरी जम्मा छओटा संस्था परेको थियो । यी पृथक् व्यवसायमा समावेशीको अवस्थासम्बन्धी आलेखहरू यस पुस्तकमा समावेश गर्ने उद्देश्य रहे पनि विशेष कारणवश *न्याय सेवा* सम्बन्धी अनुसन्धानले साकार रूप ग्रहण गर्न सकेन । त्यसैले अन्तिम समयसम्म यसलाई समाविष्ट गर्ने भरमग्दुर प्रयास गरे तापनि समर्थ हुन सकिएन । यस असमर्थतामाथि हामीलाई अफसोच छ । न्यायालय बाहेक राज्यसँग प्रत्यक्ष परोक्ष सरोकार राख्ने अन्य धेरै पेशा/निकायमा समेत यस्तो अध्ययन हुनुपर्ने आवश्यकता हामीले देखेका छौं । त्यसैले यो पुस्तक प्रारम्भिक प्रयास मात्र हो ।

पुस्तकमा समाविष्ट अध्ययनहरूमा दलित, मधेसी, जनजाति र महिलाको (अ)समावेशीको अवस्थालाई आधार बनाइएको छ । पुस्तकले जातीय र लैङ्गिक (अ)समावेशीको अवस्था मात्र होइन त्यसका कारण र निदानका उपायहरू पनि पेश गरेको छ । साधन, स्रोत र समयको सीमितताले गर्दा जम्मा पाँचओटा दललाई प्रतिनिधित्वको रूपमा छनोट गरी राजनीतिक दलहरूको (अ)समावेशी चरित्रलाई विश्लेषण गरिएको छ । त्यस्तै कतिपय राजनीतिक दलहरू अनुसन्धान पूरा हुञ्जेलसम्म अस्तित्वमा नै आइसकेका थिएनन् । कत्तिको संरचनागत ढाँचा र साङ्गठनिक पहुँच अति नै साँघुरो थियो । यो अद्यापि छ । नेकपा (माओवादी), नेपाली काँग्रेस, नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल सद्भावना पार्टी (नेसपा) तत्कालीन ठूला दलका रूपमा रहेका तथा नेपालको राजनीतिमा तिनीहरूको विशेष भूमिका र जिम्मेवारी रहेको मान्यता छ । यसैको आधारमा यी दलहरूलाई अध्ययनको लागि छानियो । यद्यपि संविधानसभाको निर्वाचनपछि नेपाली राजनीतिको परिदृश्य र शक्ति सन्तुलनमा ठूलो हेरफेर भएको छ । नेपाली काँग्रेस र नेकपा (एमाले) लाई उछिनेर नेकपा (माओवादी) सबैभन्दा ठूलो शक्तिको रूपमा उभियो भने राप्रपाको अस्तित्व नै सङ्कटमा पर्‍यो । त्यसैगरी नेपाल सद्भावना पार्टीलाई धेरै तल ठेल्दै मधेसी जनअधिकार फोरम र तराई मधेस लोकतान्त्रिक पार्टी जस्ता अन्य मधेसवादी दलहरू नयाँ शक्तिको रूपमा आए । त्यस्तै दलहरूको विश्लेषणमा

लैङ्गिक समावेशीकरणको पाटो छुटाएकोमा हामीलाई खल्लो लागेको छ । छुटेको यस महत्त्वपूर्ण पक्ष छुट्टै अनुसन्धानको विषय नै बन्न सक्छ । त्यसैगरी प्रहरीको अनुसन्धानअन्तर्गत सशस्त्र प्रहरी परेको छैन । यो जनपद प्रहरीको अध्ययनमा मात्र सीमित छ । प्रहरी तथा सेनासम्बन्धी तथ्याङ्कको टड्कारो अभाव तथा सूचना प्राप्तिमा कठिनाइले गर्दा चाहँदाचाहँदै यी लेखले विस्तृत तथ्याङ्क तथा विवरण प्रस्तुत गर्न असमर्थ भएका छन् । यसकारण विश्लेषणमा पनि केही कमीकमजोरी आएको हुनसक्छ । तथापि समावेशीकरणबारे वर्तमान बहसलाई प्रस्तुत पुस्तकले निश्चय नै सघाउने छ ।

पुस्तक तयारीको क्रममा लेखकहरूलाई आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने सम्पूर्ण महानुभावहरूप्रति कृतज्ञ छु । अनुसन्धानहरूको प्रारम्भिक प्रतिवेदनमाथि मार्टिन चौतारीमा गरिएको छलफलहरूमा थप टिप्पणी तथा राय दिनुहुने सबै सहभागीलाई हार्दिक धन्यवाद छ । हाम्रो आग्रहमा लेखहरू पढेर सान्दर्भिक टिप्पणी तथा सुझाव दिई उक्त लेखहरू परिमार्जन गर्न सघाउनुहुने श्याम श्रेष्ठ, हरि रोका, महेश्वर आचार्य, सुधीर शर्मा, भरतराज गौतमलाई धन्यवाद छ । शुद्धाशुद्धि हेर्नुहुने सन्तोष शर्मालाई पनि धन्यवाद छ । यस पुस्तकले साकार रूप लिने क्रममा मार्टिन चौतारीका सहकर्मीहरूको विशेष योगदान रह्यो । लेखहरू पढेर राय सुझाव दिनुहुने प्रत्यूष वन्त र सेरा तामाङप्रति आभारी छु । विशेष रूपमा लेखहरूमाथि टिप्पणी तथा राय दिनुका साथै अर्धसम्पादित पाण्डुलिपीहरूलाई पूर्ण सम्पादन गरिदिएर सबै लेखहरूलाई प्रकाशन योग्य बनाउन अहम् जिम्मेवारी बहन गरिदिनु भएका भास्कर गौतम र शेखर पराजुलीप्रति गुणग्राही छु । त्यसैगरी पुस्तक तयारीको हरेक चरणमा सधैँ सँगै संलग्न रहनु भएका *सामाजिक समावेशीकरणका एजेण्डा* कार्यक्रमका सहकर्मीहरू विमल अर्याल र कैलाश राईप्रति विशेष अनुगृहीत छु । साथै पुस्तक तयारीकै क्रममा विभिन्न सहयोग गर्नुहुने विवेक शाह, अनिता दुलाल, प्रभाकर गौतम, निरु भुजेल र बुद्ध श्रेष्ठप्रति आभारी छु ।

अनुसन्धान तथा पुस्तक प्रकाशनको निम्ति मार्टिन चौतारीलाई आर्थिक सहयोग उपलब्ध गराउने इनेब्लिङ्ग स्टेट प्रोग्राम (ESP) प्रति आभार प्रकट गर्दछु । सन् २००८ फेब्रुअरीको अन्तसम्म प्रकाशित भइसक्नुपर्ने यो पुस्तक विविध कारणवश ढिला हुँदा पनि इएसपीका सञ्जय राणाले देखाउनु भएको उदारता एवं सदाशयताप्रति गुणग्राही छु ।

**सम्पादक**